

# जानकी

## पारिवारिक निजी वन सङ्घ बाँकेको प्रगति प्रतिवेदन



प्रकाशक

पारिवारिक निजी वन सङ्घ नेपाल
जिल्ला कमिटी बाँके

# जानकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

मानपुर, बाँके
लुम्बिनी प्रदेश

प.सं. : ०७९/८०
च.नं. :

मिति : २०८०/०१/१७

# शुभकामना

पारिवारिक नीजि वन संघ नेपाल बाँकेले यस जानकी गाउँपालिकाको सहयोगमा **वडा पालिकास्तरमा कृषि वन समूह निर्माण कार्यक्रम** सफलताका साथ सम्पन्न गरी त्यस कार्यक्रमका बारेमा प्रतिवेदन पुस्तिका प्रकाशन गर्न लागेको खबरले अत्यन्त खुसी बनाएको छ ।

जानकी गाउँपालिकाको तर्फबाट प्रतिवेदन पुस्तिका प्रकाशनका लागि हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छौं ।

जानकी गाउँपालिका वातावरण संरक्षणका लागि प्रतिवद्ध रहेको छ । प्राकृतिक श्रोत साधनको सीमितता रहेको यस जानकी गाउँपालिकामा वातावरण संरक्षणका लागि स्वयंम यस पालिकावासीहरुको योगदान सदा स्मरणिय रहि आएको कुरालाई मध्येनजर गर्दै यस कार्यक्रम मार्फत रुख रोप्ने, हुर्काउने विषयमा ज्ञान अभिवृद्धि भएको छ भन्ने विश्वास छ ।

नीजि वन किसानहरुको अथक मिहिनेत र प्रयासले नै वातावरण संरक्षण, जलवायु परिवर्तनबाट हुने क्षतिको न्यूनिकरणमा महत्वपूर्ण योगदान हुन्छ ।

दिगो विकासका लागि हरित जानकी अपरिहार्य रहेको तथ्य स्मरण गर्दै यस कार्यक्रमबाट आएको उपलब्धि स्वरुप यस जानकी गाउँपालिकाको वन नीति तर्जुमा गर्ने विषयमा समेत प्रतिवद्धता व्यक्त गर्दै वातावरण संरक्षण, जलवायु परिवर्तन, वृक्षारोपण तथा नीति मस्यौदा जस्ता कार्यहरुमा पारिवारिक तथा नीजि वन संघ नेपाल बाँकेसंग आगामी दिनहरुमा निरन्तर सहकार्य हुने छ भन्नेमा जानकी गाउँपालिका विश्वस्त छ ।

| | | |
|---|---|---|
| छब्बन खाँ | रामप्यारी यादव | सिंहराज डाँगी |
| अध्यक्ष | उपाध्यक्ष | प्रशासकिय अधिकृत |
| जानकी गाउँपालिका | जानकी गाउँपालिका | जानकी गाउँपालिका |
| मानपुर बाँके | मानपुर बाँके | मानपुर बाँके |

छब्बन खाँ
गा.पा. अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

"व्यावसायिक र सिर्जनशील प्रशासन विकास : समृद्धि र सुशासन"

website: www.janakimunbanke.gov.np, email-id: info@janakimunbanke.gov.np, ito@janakimunbanke.gov.np

# शुभकामना



पारिवारिक निजी वनका किसानहरुलाई सङ्गठित गरी उनीहहरुका अधिकार स्थापनाका लागि पैरवी गर्दै आइरहेको वन किसानको एक अग्रणी संस्था हो, पारिवारिक निजी वन संघ, नेपाल । संघ स्थापना भएदेखि नै यसले विभिन्न स्वरुपमा आफ्ना किसानको क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ। अनेकौं बाधा, चुनौतीहरुका बावजुत गठित सङ्घले आफ्ना किसानहरुको जीविकोपार्जन सहज, उत्पादनमुखी र दिगो रुपमा स्थापित गर्न लागी परिरहेको र आगामी दिनहरुमा पनि आवश्यक कदमहरु चालिरहने छ।

पारिवारिक निजी वन संघ, नेपालले आफ्नो स्थापनाकालदेखि नै निजी आवादीका जग्गाहरूमा डालेघाँस, फलफूल तथा अन्य आयमूलक काठ प्रजातिका बिरुवा वृक्षरोपण प्रवर्द्धन गर्दै आइरहेको छ। यसका साथसाथै किसानहरूले आफ्ना निजी जग्गामा हुर्किएका काठहरूको सहज तबरले बेचबिखन गर्न पाउनुपर्ने कुराको सुनिश्चितताका लागि नीतिगत पैरवी पनि निरन्तर गरिरहेको छ । यस संस्थाले कृषिवन प्रणालीको विकास दैनिक उपभोग र औद्योगिक प्रयोजनका लागि वन पैदावार आपूर्तिका लागि गरिरहेको छ। प्रकोप र जलवायु परिवर्तनका जोखिम न्यूनीकरण र अनुकूलनमा सहयोग एवं घरपरिवार, स्थानीय र राष्ट्रिय अर्थतन्त्रको विकासमा पनि निरन्तर र भरपर्दो रुपमा पारिवारिक निजी वनले सघाउ पुऱ्याउँदै आएको छ।

कृषिवन प्रणाली किसानको जीवनको मुख्य आधार हो । पारिवारिक निजी वन संघ, नेपालसँग आवद्ध सवै किसानहरुसंग परम्परागत रुपमा अघिल्ला कयौं पुस्ताहरुबाट हस्तान्तरण हुँदै आएका कृषिसँग सम्बन्धित अनेकन ज्ञान, सिपहरुहरु विद्यमान रहेका छन् । त्यस्ता ज्ञान, सिपहरुको प्रयोगमा निरन्तरता, आवश्यक सुधारीकरण, अभिलेखीकरण तथा प्रचारप्रसारको सुनिश्चिता अति आवश्यक पाटो हो । जसले विभिन्न ठाउँ विशेषमा विद्यमान कृषिवन प्रणालीका ज्ञान, सिप, क्षमताहरु उजागर गरी किसानलाई थप क्षमता अभिवृद्धिमा टेवा पुऱ्याउँछ।

पारिवारिक निजी वन सङ्घ, नेपाल जिल्ला शाखा बाँकेले प्रकाशन गर्न लागेको यस पुस्तक प्रकाशनमार्फत प्रचलनमा रहेका विभिन्न क्षेत्रको जानकारी वन किसानहरुलाई जानकारी गराई आआफ्ना जग्गामा अझ सुधारात्मक तवरले खेती गर्ने तथा उत्पादन बढाउन किसानहरुलाई मद्दत पुऱ्याउने विश्वास लिइएको छ । जसले कालान्तरमा पारिवारिक निजी वन किसानहरुको आय आर्जन बढाउने तथा दिगो आम्दानीमार्फत समृद्धि ल्याउन सहयोगी भूमिका निर्वाह गर्ने कुरामा म विश्वस्त छु। यस पुस्तिकाको प्रकाशनपश्चात सवै पारिवारिक निजी वनका किसानहरुसम्म पुऱ्याउने, यसबारे सचेतीकरण गरी उनीहरुको ज्ञान, सिप र क्षमता अभिवृद्धि पनि गर्नुपर्ने अहिलेको आवश्यकता हो र एफोन केन्द्रीय कार्यालय आशा गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछ।

**जोगराज गिरी**
अध्यक्ष

# कृतज्ञता ज्ञापन



पारिवारिक निजी वनका किसानहरुलाई संगठित गरी उनीहहरुका अधिकार स्थापनाका लागि पैरवी गर्दै आइरहेको वन किसानको एक अग्रणी संस्था हो । संघ स्थापना भएदेखि नै यसले विभिन्न स्वरुपमा आफ्ना किसानको क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ। अनेकौं बाधा, अड्चनका बावजुत गठित संघले आफ्ना किसानहरुको जीविकोपार्जन सहज, उत्पादनमुखी र दिगो रुपमा स्थापित गर्न लागी परिरहेको र आगामी दिनहरुमा पनि आवश्यक कदमहरु चालिरहने छ।

पारिवारिक निजी वन संघ, नेपाल जिल्ला कमिटी बाँकेले आफ्नो स्थापनाकालदेखि नै निजी आवादी लगायतका जग्गाहरूमा डालेघाँस, फलफूल तथा अन्य आयमूलक काठ प्रजातिका बिरुवा वृक्षरोपण प्रबर्द्धन गर्दै आइरहेको छ। प्रकोप र जलवायु परिवर्तनका जोखिम न्यूनीकरण र अनुकूलनमा सहयोग एवं घरपरिवार, स्थानीय र राष्ट्रिय अर्थतन्त्रको विकासमा पनि निरन्तर र भरपर्दो रुपमा पारिवारिक निजी वनले सघाउ पुऱ्याउँदै आएको छ।

पारिवारिक निजी वन संघ, नेपाल जिल्ला कमिटी बाँकेले प्रकाशन गर्न लागेको यस प्रकाशनमा जानकी गाउँपालिका मानपुर बाँकेको सहकार्यमा वडा/पालिकास्तरमा कृषि वन समूह निर्माण तथा फलफूल विरुवा वितरण कार्यक्रम सम्पन्न गरेको छ। सो कार्यक्रमको सम्पूर्ण विवरणहरु समेटिएको यस पुस्तिका प्रकाशनमा सहयोग गर्ने जानकी गाउँपालिका मानपुर बाँके परिवार तथा कार्यक्रम सञ्चालनमा सक्रिय सहभागिता, पारिवारिक निजी वन किसानहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

सुनिल घिमिरे
अध्यक्ष, जिल्ला कमिटी बाँके

# पारिवारिक नीजि बन सङ्घ नेपाल

## एक परिचय

नेपालका किसानहरुले निजी बनको भोगचलन गर्दै आएको लामो समय भैसकेको छ। यस क्रममा निजी बनका लागि समयकालमा सरकारले नीतिगत र स्थलगत सहयोग गरिरहेको छ, तर लामो समयका बाबजुद नेपाली किसानहरु व्यवहारमा देखापरेका बाधा अड्चनका कारण उत्साहित भैरहेका छैनन्। सरकारले जमिनको स्वामित्वको आधारमा निजी बन र राष्ट्रिय वनका रुपमा दुई किसिमको व्यवस्था गरेको छ।

**एफोनको दूरदृष्टि**
'एक परिवार एक पारिवारिक निजी वन : समृद्ध नेपाल हाम्रो अभियान'

**एफोनको लक्ष्य**
पारिवारिक निजी वनको दिगो व्यवस्थापनको वकालत गरी पारिवारिक निजी वन किसानहरुको भूमि र वन स्रोतमाथिको अधिकारको सुनिश्चितता सहित काष्ट र गैरकाष्ठ वन पैदावारको सहज आपूर्ति र आर्थिक रुपान्तरण गर्ने।

नेपाल सरकारले पारिवारिक निजी वनलाई वन विकास योजनामा समावेश गरेको छ। परिवारका कुनै व्यक्तिको नाममा हक पुग्नेगरि दर्ता गरिएको वा लालपुर्जा भएको जमीनमा लगाइएका रुख विरुवा नै पारिवारिक निजी बन हो, तर सरकारले कृषि नै मुख्य पेसा भएको देशमा किसानका निजी स्वामित्वमा रहेका जग्गा जमिनमा भएका रुख विरुवा र जडीबुटीको कानूनि हैसियत र भोगचलन एवम् ओसारपसार बारे अझै पनि संविधानमा रहेको मौलिक हकलाई समेत हनन हुने गरी नीति तथा अभ्यास गरेको अवस्था छ। नेपाल भरि छरिएर रहेका पारिवारिक निजी बनमा आश्रित व्यक्ति तथा परिवार र उद्यमीहरुको अधिकार रक्षा गर्दै थप अधिकार प्राप्तिका लागि नीति निर्माण प्रक्रियामा उनीहरुको सक्रिय तथा अर्थपूर्ण सहभागिता र पहुँच विस्तार गर्ने उद्देश्यले किसानहरुको छाता सङ्गठनका रुपमा पारिवारिक निजी बन सङ्घ नेपाल (एफोन) को वि.सं. २०७१ फागुन २४ गते किसान भेला गरी स्थापना गरिएको हो। एफोन वि.सं. २०७२ सालमा जिल्ला प्रशासन कार्यालय काठमाडौं र समाज कल्याण परिषद् काठमाडौंमा दर्ता गरिएको आधिकारिक नागरिक सङ्गठन हो।

**एफोनको उद्देश्य**


- पारिवारिक निजी वनका कृषकहरुको अधिकार सुनिश्चित गर्नका लागि वाञ्छनीय संस्था स्थापन गर्ने।
- पारिवारिक निजी वनको आर्थिक रुपान्तरण गरी दिगो पारिवारिक निजी वन व्यवस्थापन गर्ने।
- पारिवारिक निजी वनका कृषकहरुको नीति निर्माण गर्नका लागि वकालत गर्ने।
- सरकारी एवं गैरसरकारी संघसंस्थाहरुसँग समन्वय गर्ने र सञ्जाल बनाउने।
- लैङ्गिक र सामाजिक समावेशीकरणको सुनिश्चितता गर्ने।
- कृषि वनको अभियान सञ्चालन गर्ने।
- वन उद्यम सस्थापना र सहजीकरण गर्ने।

पारिवारिक निजी वन सङ्घ नेपालमा सात वटै प्रदेशमा हालसम्म ७० जिल्लाका लगभग १५ हजार सदस्य आवद्ध भैसकेका छन्। यस सङ्घले आफ्ना साझेदारहरुको सहकार्यमा पारिवारिक निजी वनको व्यवस्थापन गरी किसानलाई शसक्तीकरण गरिरहेको छ। दिगो आर्थिक विकासका लागि आवश्यक श्रोत साधनको उत्पादन र व्यवस्थापन गर्ने सन्दर्भमा वन व्यवस्थापनमा पारिवारिक निजी वन सङ्घमा आवद्ध किसानहरुको महत्वपूर्ण योगदान रहेको छ। घाँस दाउरा, काठ, जडीबुटी लगायत वनजन्य उत्पादनमा पारिवारिक निजी बनको महत्व उल्लेखनीय छ।

# वन ऐन २०७६
# पारिवारिक निजी वन सम्बन्धी मुख्य प्रावधानहरू

निजी वनको परिभाषामा निजी वन भन्नाले प्रचलित कानून बमोजिम कुनै व्यक्तिको हक पुग्ने निजी जग्गामा लगाइ, हुर्काइ वा संरक्षण गरिएको वन उल्लेख गरिएको छ। परिच्छेद १० दफा ३५ मा निजी बन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी बन दर्ताका लागि डिभिजन वन कार्यालय वा सब डिभिजन बन कार्यालयको सिफारिस सहित सम्वन्धित स्थानीय तहमा निवेदन दिनुपर्ने र आवश्यक जाँचबुझ पछि स्थानीय तहले निजी वनको प्रमाण दिने र डिभिजन वन कार्यालयमा जानकारी गराउने व्यवस्था छ। यस ऐनले निजी वन राष्ट्रियकरण नगर्ने प्रतिवद्धता गरेको छ।

दफा ३६ अनुसार निजी वन किसानहरुले निजी वनको विकास र सरक्षण र व्यवस्थापन गर्न तथा बन पैदावारको मूल्य निर्धारण गरी विक्री गर्न सक्ने अधिकार दिएको छ। निजी वन किसानको अनुरोधमा बन डिभिजन कार्यालय वा सब डिभिजन कार्यालयले आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्ने पनि प्रावधान राखेको छ। व्यवसायिक प्रयोजनका लागि निजी पन वा निजी वन आवादीमा रहेका बन पैदावरको सङ्कलन तथा ओसारपसार गर्नुपरेमा सम्बन्धित स्थानीय तहबाट स्विकृति लिनुपर्नेछ, तर एक स्थानीय तहबाट अर्को स्थानीय तहमा वन पैदावरको सङ्कलन तथा ओसारपसार गर्नुपरेमा डिभिजन बन कार्यालयबाट स्विकृति लिनुपर्ने प्रावधान रहेको छ। घरायसी प्रयोजनका लागि जिल्ला भित्रको एक स्थानीय तहबाट अर्को स्थानीय तहमा वन पैदावर सङ्कलन तथा ओसारपसार गर्नुपरेमा जुन स्थानीय तहबाट सङ्कलन तथा ओसारपसार गर्नुपर्ने हो सोही स्थानीय तहबाट र एक जिल्लाबाट अर्को जिल्लामा वन पैदावर सङ्कलन तथा ओसारपसार गर्नुपरेमा जुन जिल्लाबाट सङ्कलन तथा ओसारपसार गर्नुपर्ने हो सो जिल्लाको डिभिजन बन कार्यालयबाट स्विकृति लिनुपर्ने प्रावधान वन ऐन २०७६ मा रहेको छ। निजी वन किसानलाई नेपाल सरकारले तोकिए बमोजिमको सुविधा उपलव्ध गराउने प्रावधान छ। साथै कुनै व्यक्ति, समूह, संस्था वा समूदायले तोकिएको मापदण्डको अधिनमा रही कृषि वन, जडीबुटी खेती तथा वन्यजन्तु पालन गर्न समेत सक्ने प्रावधान वन ऐन २०७६ मा समेटिएको छ।



www.lawcommission.gov.np

अनुसूची-४८

(नियम ८२ को उपनियम (३) सँग सम्बन्धित)

निजी वन वा निजी जग्गामा भएका कृषि उपज सरह सङ्कलन, बिक्री र ओसारपसार गर्न सकिने वन पैदावार प्रजाति

(क) काष्ठ प्रजाति

| क.स. | प्रजाति | क.स. | प्रजाति | क.स. | प्रजाति |
|---|---|---|---|---|---|
| १ | अम्बा | २ | हलुवावेद | ३ | कपोक |
| ४ | आँप | ५ | नीम | ६ | काभ्रो |
| ७ | इपिलइपिल | ८ | बकाईनो | ९ | गोल्डमोहर |
| १० | इमली | ११ | बबुर, बबुल | १२ | टिक |
| १३ | सिसौ (वृक्षारोपण) | १४ | मसला | १५ | लहरेपिपल |
| १६ | क्यासिया सियामिया | १७ | लिची | १८ | मोलाटो |
| १९ | कटहर | २० | लप्सी | २१ | बीरेन्द्रफूल |
| २२ | कदम | २३ | टुनी | २४ | उत्तिस |
| २५ | चिलाउने | २६ | कटुस | २७ | खोटे सल्ला |
| २८ | गोब्रे सल्ला | | | | |

(ख) जडीबुटी प्रजाति

| | | |
|---|---|---|
| १ अमला | २ सिल्टिमुर | ३ कचुर |
| ४ कुरिलो, सतावरी | ५ केसर | ६ घ्यूकुमारी |
| ७ चिउरी | ८ चिराईतो | ९ टिमुर |
| १० तेजपात | ११ तुलसी | १२ बेल |
| १३ बोझो | १४ बोधिफल, बोधिचित्त | १५ मसलाको पात |
| १६ रिठ्ठा | १७ रुद्राक्ष | १८ लप्सी |
| १९ क्यामोमाईल | २० मेन्था | २१ लेमनग्रास |
| २२ सिट्रोनेला | २३ पामारोजा | |

(ग) अन्य वन पैदावार प्रजाति

१. अम्रिसो/अम्लिसो २. बाँस/निगालो ३. अल्लो ४. बनकस, बाबियो

२०६

# जानकी गाउँपालिकासँगको सहकार्य

## वडा पालिका स्तरमा कृषि वन समूह निर्माण तथा बोटविरूवा वितरण कार्यक्रम एक परिचय

पारिवारिक निजी वन सङ्घ नेपाल जिल्ला कमिटी बाँकेले विभिन्न सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरुसँग सहकार्य, समन्वय गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ। किसानहरु सङ्गठित भएपश्चात क्षमता विकास, वन विकास तथा संस्थागत विकास र स्थानीय तहहरुमा सङ्गठन विस्तारका कामहरु नियमित भइरहेका छन्।

जिल्ला कमिटी बाँकेले विभिन्न अन्तक्रियाहरु, नमूना वन विकास लगायतका कामहरु सम्पन्न गरेको छ। यसले विगत ४ वर्षमा २० हजार विभिन्न प्रजातीका विरुवाहरु वितरण गरिसकेको छ। एफोन बाँकेले डिभिजन वन कार्यालय बाँके, तराइ भूपरिधि कार्यक्रम (ताल), एफोन केन्द्रीय कार्यालय काठमाडौं, जानकी गाउँपालिका लगायतका संस्थाहरुसँगको सहकार्य गरेको छ।

अत्यधिक औद्योगिकीकरण र यसले सिर्जना गर्ने प्रदुषणबाट पालिकाबासीलाई जोगाउन तथा जलवायु परिवर्तनका बारेमा सचेत गराउँदै यसको दुष्प्रभावलाई न्यूनीकरण गर्न र स्वच्छ र स्वस्थ वातावरण प्रवर्द्धनका लागि जानकी गाउँपालिकासँगको सहकार्यमा वडा पालिका स्तरमा कृषि वन समूह निर्माण तथा बोटविरुवा वितरण कार्यक्रम सञ्चालन गरिएको हो।

यस कार्यक्रमको उद्देश्यहरु निजी वन किसानहरुलाई सङ्गठित गर्दै क्षमता अभिवृद्धि गर्ने, पारिवारिक निजी वन मैत्री नीति निर्माणको वकालत गर्ने, एफोनले गर्दै आएको नीतिगत पैरवी, सङ्गठन विस्तार, वनमा आधारित उद्यम प्रवर्द्धनहरुका विषयमा जानकारी दिँदै वन किसानहरुलाई शसक्तीकरण गर्ने र समुदायस्तरमा व्यापक बृक्षारोपण अभियान सञ्चालन गर्नका लागि सहज वातावरण सिर्जना गर्ने रहेको छ।



# कृषि वन समूह निर्माण




जानकी गाउँपालिकाका ६ वडाहरुमा ४० वटा कृषि वन समूहको निर्माण भएको छ। कृषि वन समूहलाई निजी वनकाबारेमा सचेतनाका लागि समूह गठन गरिएको हो।

यि ४० समूहहरु वडा नं.१ मा ५, २ मा ६ र ३ मा ९ समूह निर्माण गरिएको छ। यसैगरी वडा नं. ४,५ र ६ मा क्रमश ८, ५ र ७ वटा समूह रहेका छन्।

२०७९ मंसिर २६ बाट प्रारम्भ गरि समूह निर्माण कार्य २०७९ पौष ३० मा सम्पन्न भएको हो। समूह निर्माणका लागि वडा कार्यालयको संयोजनमा टोलहरु छनौट गरिएको थियो। टोलभरिका निजी वन किसानहरुको भेला गरी भेलाबाट सर्वसम्मतीले १५ सदस्यसम्म रहने गरी समूह बनाइएको हो। ४० समूहमा ४ सय ६५ जना किसानहरु सङ्गठित रहेका छन्। यसमध्ये १०५ महिलाहरु रहेका छन्।

समूहको गठन पश्चात समूहले निर्णय गरेर माग गरेबमोजिमका विरुवाहरुका लागि संस्थाको पहलमा सम्बन्धित निकायबाट प्राप्त गर्ने गरी पहल गरिएको छ। समूह गठन कार्यमा सम्बन्धित वडाहरुका वडा अध्यक्ष तथा सदस्यहरुको सक्रियतापूर्वक सहभागिता रहेको थियो।



## कृषि वन समूहलाई शसक्तीकरण

गठन गरिएका ४० वटै कृषि वन समूहलाई शसक्तिकरणका लागि तालिम सञ्चालन गरिएको थियो । वडामा रहेका समूहलाई सम्बन्धित वडामा तालिम आयोजना गरिएको थियो । ७ पटकमा गरी तालिम सम्पन्न भएको थियो । तालिममा वन समूहका ४ सय ६५ सदस्यहरुको सहभागिता रहेको थियो । तालिममा कृषि वन समूहको अवधारणा, समूहले गर्नुपर्ने कार्य तथा जिम्मेवारी, निजी वनको अवस्था, वन र वातावरणको सम्बन्ध, स्वच्छ वातावरणका लागि वनको महत्व, निजी  वन दर्ताको प्रक्रिया लगायतका विषयमा सहजीकरण गरिएको थियो ।




अन्तक्रियात्मक तथा सहभागितामूलक छलफलको विधिद्वारा तालिम संचालन गरिएको थियो । तालिममा वडा अध्यक्षहरुको सहभागिता रहेको थियो । तालिमलाई जिल्ला वन कार्यालयका बाँकेका सहायक वन अधिकृत गणेश खड्का, राष्ट्रिय वन बिउ अनुसन्धान कार्यालय बाँकेका रेशम शर्मा, जानकी गाउँपालिकाका योजना प्रमुख शोभा पौडेल, जानकी गाउँपालिकाका वातावरण शाखाका राजेन्द्र वाजपेयी, एफोन प्रदेश सचिव किरण ढकाल, एफोन बाँकेका अध्यक्ष सुनिल घिमिरे, एफोन बाँकेका सचिव चेतलाल गिरि लगायतले सहजीकरण गर्नुभएको थियो ।

| मिति | सहभागि वडा तथा कृषि वन समूह | स्थान |
|---|---|---|
| २०७९ पौष १६ | शिवपुरी, बढैया, साइगाउँ, पचपोखरा, जोगागाउँ | श्री नेराप्रावि बढैया (वार्ड नं. १) |
| २०७९ पौष १७ | नेवाजी, बेलभार, बनकटुवा, भैयापुर, बोकटिया, बनकटुवा ख | नेवाजी गाउँ (वार्ड नं. २) |
| २०७९ पौष १८ | कालिकापुर, रमुवाकर क, करमोहना, इन्द्रपुर, रमुवापुर (ख), | इन्द्रपुर स्वास्थ्य चौकी (वार्ड नं. ३) |
| २०७९ पौष १९ | जुगनभरिया, मानपुर, मोतिपुर, बन्जारे गाउँ | इन्द्रपुर स्वास्थ्य चौकी (वार्ड नं. ३) |
| २०७९ माघ ७ | गुरुवागाउँ, बुढियागाउँ, बकसपुर, रामगाउँ, बनियागाउँ | गुरुवागाउँ विद्यालय (वडौ नं. ५) |
| २०७९ माघ ७ | कपासी, कोठारपुर, कैरातीपुर्वा, डिङ्गापुर, शेखापुर, खाले पिप्रहवा, प्रिपहवा | श्री हनुमान प्रावि (वडा नं.६) |
| २०७९ माघ ८ | सानो खजुरा, ठुलो खजुरा, ढुडुवार, गिजरा, सहादतपुर (क), लैनपुर, सहादतपुर (ख), बेलनिया | जानकी मावि  (वार्ड नं.४) |

# जलवायु परिवर्तन अभिमुखीकरण तालिम र जानकीमा वन नीति अन्तरक्रिया

जानकी गाउँपालिकाको सहयोगमा पारिवारिक नीजि वन सङ्घ एफोनको आयोजनामा २०७९ चैत्र १८ गते जलवायु परिवर्तन अभिमुखीकरण र जानकीमा वन नीति विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।



कार्यक्रमको सहजीकरण रेन्जर नवराज शाहीले गर्नुभएको थियो। जानकी गाउँपालिकाका अध्यक्ष छब्बन खाँको प्रमुख आतिथ्यतामा सम्पन्न भएको कार्यक्रममा डिभिजन वन कार्यालयका प्रतिनिधि, वडा अध्यक्षहरु, प्रमुख प्रशासकीय अधिकृत, राजनीतिक दलहरुका प्रतिनिधि, पालिकाका स्वास्थ्य, योजना, वातावरण लगायतका शाखाका प्रतिनिधि, जानकीका विद्यालयहरुका प्रधान अध्यापक, कृषि वन समूहका अध्यक्ष तथा एफोनका सदस्यहरु गरी ९२ जनाको उपस्थिति रहेको थियो।

कार्यक्रममा सहजीकरण गर्दै सहजकर्ता नवराज शाहिले जलवायु परिवर्तनका बारेमा पावर प्वाइन्ट प्रस्तुति गर्नुभएको थियो। जलवायु परिवर्तनका परिणाम तथा असरहरुको जानकारी गराउनुभएको थियो। जलवायु परिवर्तनको असरबाट बच्नका लागि न्यूनीकरणका प्रयासहरु समूदायस्तरबाट नै सुरु गर्नुपर्नेमा जोड दिइएको थियो। जलवायु परिवर्तनको संकटबाट बच्नका लागि बृक्षारोपण गर्नु सबैभन्दा प्राकृतिक र दिगो समाधान भएको तर्फ जोड दिनुभएको थियो।



जानकी गाउँपालिका राष्ट्रिय तथा सामुदायिक वन समेत नभएको पालिका भएकोले वन निर्माणका लागि निजी वन किसानसँगको सहकार्यलाई पालिकाको वन नीतिको महत्वपूर्ण आधार बनाउनुपर्नेमा सहभागीहरुको जोड रहेको थियो।

पालिका अध्यक्ष छब्बन खाँले वन तथा वातावरण संरक्षणमा पालिकाको ध्यान गएको र पालिकाभरि बृक्षारोपणका लागि कार्यक्रमहरु निर्माण गरी श्रोत परिचालन गरिएको बताउनुभएको थियो। उहाँले जलवायु परिवर्तन गम्भीर सङ्कट भएको तथ्यलाई आफु र पालिकाले समेत मनन् गरेको बताउनुभयो। उहाँले निकट समयमा जानकी गाउँपालिकाले वन नीति निर्माण गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो।

कार्यक्रममा डिभिजन वन कार्यालयका होतासन शाह , वडा नं. २ का वडा अध्यक्ष चन्द्रिका गुप्ता, प्रमुख प्रशासकीय अधिकृत सिंहराज डाँगी, स्वास्थ्य शाखा प्रमुख दल बहादुर राना, वातावरण शाखाका संयोजक राजेन्द्र सिंह, बन किसान शेषराम यादव लगायतले जलवायु परिवर्तनका असर न्यून गर्ने गरी वन किसानमैत्री वन नीति बनाउनुपर्नेमा जोड दिनुभएको थियो ।

## वातावरणमैत्री जानकी र पारिवारिक नीजि वन अन्तरसंवाद

जानकी गाउँपालिकाका ६ वटै वडाहरुमा वातावरणमैत्री जानकी र पारिवारि नीजि वन अन्तरसंवाद कार्यक्रम सम्पन्न भएको छ। वडामा गठन भएका कृषि वन समूहलाई वडा अध्यक्ष र सदस्यहरुसँग परिचय सहित वातावरणमैत्री वडा बनाउनका लागि समूहको जिम्मेवारी, दायित्व र वडा कार्यालयको प्रतिवद्धताका बारेमा अन्तरसंवादमा छलफल गरिएको थियो । सबै वडाका वडा कार्यालयहरुमा आयोजना गरिएको अन्तरसंवादमा सहभागी समूहका सदस्यहरुले सफा, स्वच्छ टोल बनाउन सक्रियतापूर्वक सहभागी हुने प्रतिवद्धता व्यक्त गरेका थिए । यसैगरी वडा अध्यक्षहरुले नियमित रुपमा स्वच्छ वातावरणका लागि कार्यक्रमहरु गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो।

वडाहरुमा सरसफाइ, नालाको फोहर, गाइवस्तुको खुल्ला चरन, कालोपत्रे तथा पिसिसी बाटोमा हुने अतिक्रमण, खुल्ला दिसापिसाब, प्लास्टिकजन्य फोहर व्यवस्थापन सफा र स्वच्छ वातावरणका लागि मुख्य सवालहरु रहेको अन्तरसंवादका विषयमा बताइएको थियो।

| वडा | मिति | सहभागि संख्या | स्थान |
|---|---|---|---|
| १ | २०७९ माघ १८ | ३७ | वडा कार्यालय |
| २ | २०७९ माघ १८ | ३० | वडा कार्यालय |
| ३ | २०७९ माघ २३ | ४५ | वडा कार्यालय |
| ४ | २०७९ माघ २७ | ४० | नहर बगिया |
| ५ | २०७९ माघ २८ | ४१ | नेराप्रावि बनियागाउँ |
| ६ | २०७९ माघ २३ | ३५ | वडा कार्यालय |




## फलफूलका विरुवा वितरण

पारिवारिक निजी वन सङ्घ नेपाल बाँकेले जानकी गाउँपालिकाका विद्यालय, मदरसाहरुमा विरुवा वितरण गरेको छ। यसैगरी जमुनाहा-सुर्खेत राजमार्गको जानकी गाउँपालिका खण्डको पिप्रहवाको राजमार्गमा वृक्षारोपण गरिएको छ । आँप, अम्बा, नास्पाती, अमला, कपुर कल्कीफूल, बयर, बेल लगायतका फलफूलका ४९५ विरुवाहरु वितरण गरिएको हो।





शिवपुरी मावि बढैया, भृकुटि प्राथमिक विद्या मन्दिर बेलभार, दारुम उलम मसौदिया गरिब नवाज मदरसा इन्द्रपुर-३, नेराप्रावि इन्द्रपुर-३, हनुमान प्रावि गनापुर-६, गुरुवागाउँ कब्रस्तान (शाहबा) बेलहरी-५ र मरिमत्ता प्रावि जुगनभरियामा वृक्षारोपण गरिएको हो।

बृक्षारोपण कार्यक्रममा जानकी गाउँपालिका अध्यक्ष छब्बन खाँ, एफोन प्रदेश अध्यक्ष बलराम भट्टराइ, प्रमुख प्रशासकिय अधिकृत सिंहराज डाँगी, वडा अध्यक्षहरु लगायत कृषि बन समूहका सदस्यहरु, शिक्षक, राजनीतिक दलका प्रतिनिधि, स्थानीय समाजसेवीहरु लगायतको सहभागिता रहेको थियो।



# जानकीमा पारिवारिक नीजि वन किसानको सवाल

## पृष्ठभूमि

पारिवारिक निजी वनमा धनी देश हुनु नेपालको लागि गौरवको विषय हो । बर्सौंदेखि पारिवारिक आवश्यकता पूरा गर्न हुर्काइएका वा संरक्षण गरिएका वन नै पारिवारिक निजी वन हुन् । नेपालको सन्दर्भमा प्रत्येक व्यक्तिको नाता वनसँग जोडिएको छ। वन सांस्कृतिक, परम्परागत, धार्मिक, वातावरण, वन्यजन्तु र समृद्धिका लागि निकै महत्वपूर्ण छ। वनबिनाको जीवन अधुरो हुन्छ।

## पारिवारिक निजी वनको योगदान

पारिवारिक निजी वन साना किसानका लागि आयश्रोतको भरपर्दो माध्यम हो । थोरै जग्गामा आफूलाई मन पर्ने रुख बिरुवा हुर्काई आफ्नो आवश्यकता पूरा गर्दै पारिवारिक आर्थिक सङ्कटको बेला भरपर्दो श्रोतका रुपमा पारिवारिक निजी बनको प्रयोग हुँदै आएको छ । घरायसी उपयोगमात्र नभई समाजमा पनि त्यत्तिकै योगदान दिएको छ । कार्बन सञ्चिति गरेर बढ्दै गरेको विश्व तापमानको सहज न्यूनीकरणमा पारिवारिक निजी वनले ठुलो भूमिका खेलेको छ। समृद्ध नेपाल सुखी नेपाली भन्ने राष्ट्रिय अठोट पुरा गर्न पारिवारिक नीजि वनको भूमिका दिन प्रतिदिन बढ्दै छ।

## अध्ययन क्षेत्र

जानकी गाउँपालिकाभित्र रहेका सम्पूर्ण वडा कार्यालयहरुलाई समेटी अध्ययन गरिएको हो।

## अध्ययनको उद्देश्य

क. पारिवारिक निजी वन किसानहरुको सवालहरु पत्ता लगाउनु।

ख. पारिवारिक निजी वन किसानहरुको सवालहरुका बारेमा नीतिगत पैरवी गर्नु।

## अध्ययनको विधि

निजी तथा पारिवारिक वन सङ्घ नेपालले निर्माण गरेका कृषि वन समूहका सदस्यहरुसँगको समूह केन्द्रित छलफलबाट सवालहरुको प्राथमिकीकरण गरिएको छ।

## अध्ययनमा संलग्न सङ्ख्या

यस अध्ययनमा ४० कृषि वन समूहका २ सय १० किसानहरुले आआफ्नो धारणा, विचारहरुलाई संस्लेषण गरिएको छ।

## अध्ययनबाट प्राप्त भएका मुख्य तथ्यहरु

क. आफ्नो घर, बारी तथा खेतमा रुख रोप्ने प्रचलन परम्परागत ढङ्गले चलिरहेको छ।

ख. समुदायमा रुख संरक्षणका लागि परम्परागत ज्ञानहरु प्रशस्त रहेको छ। कुवा र बगैंचाको विवाह हुने जस्ता संस्कृतिहरु अहिले क्रमशः लोप हुँदै गइरहेको छ।

ग. जानकी गाउँपालिका भरि सामुदायिक स्थानहरुमा वृक्षारोपण गरिएको छ।

घ. स्थानीय समुदाय वृक्षारोपणलाई कृषि वन बनाउन उपयुक्त अवसरको खोजीमा रहेका छन्।

ङ. प्रक्रियागत झन्झट तथा जानकारी नभएकोले धेरै किसानहरुले निजी वन दर्ता नगरेको अवस्था छ।

च. विद्यालयहरुमा सघन वृक्षारोपण गर्न सकिने अवसर रहेको छ।

छ. निजी वनलाई किसानहरुको आयआर्जनमा जोडेर लिएर जानसक्ने प्रचुर अवसर रहेको छ।

## मुख्य सवालहरु

क. पारिवारिक निजी वन किसान मैत्री वन नीति तथा कार्यक्रम।

ख. किसानहरुलाई वृक्षारोपणका लागि अभिप्रेरित गर्न सहज विरुवाहरुको आपूर्ति।

ग. नीजि वन किसानहरुको निजी वन दर्ता प्रक्रियामा सहजीकरण।

घ. दर्ता नभएको निजी वनधनीले कठिन गर्न अनुमति लिनु नपर्ने र काठदाउरा ओसारपसार गर्न मोठपूर्जीका लागि आँप, लिची, कटहर, अम्बा, हलुवाबेद, इमली, मसला र लम्सी लगायत छन्। यो नियम भए तापनि व्यावहारिक रुपमा लागू हुन सकेको छैन।

ङ. निजी वनधनीले आफ्नो इच्छा अनुसार निजी वनको विकास, संरक्षण, व्यवस्थापन गर्नपाउने वातावरण हुनुपर्छ र बिक्री वितरणको कानुनी सहजता राज्यले मिलाउनुपर्छ। यसले देशलाई नै समृद्ध बनाउने हो।

च. प्राकृतिक रुपमा धनी छौं, तर पहिचान र सही उपयोग हुन सकेको छैन। त्यसमध्ये एक हो परिवारिक निजी वन। आफ्नो आँगनमा रोजगारी भए पनि भौंतारिनुपरेको छ। रोजगारीको वैकल्पिक र दिगो अवसरका रुपमा पारिवारिक निजी वनको विकास अर्को सवाल हो।

छ. निजी वन किसानहरुको व्यावसायिक दक्षताको विकास अर्को सवाल हो।

ज. एक परिवार एक वन, समृद्ध नेपाल हाम्रो अभियानका साथमा किसानहरुको अग्रसरतामा हातेमालो आवश्यक रहेको छ।

झ. पारिवारिक निजी वनलाई प्रोत्साहित गर्दै आर्थिक विकासका लागि किसानलाई अनुदानको व्यवस्था।. निजी वनको विमा तथा पारिवारिक निजी वन श्रोतहरुलाई धितोको रुपमा स्वीकार गर्दै सहुलियत ब्याजदरमा ऋण तथा अनुदानको व्यवस्था गरिनुपर्छ।

कानुनी रुपमा लालपुर्जा पाएका किसानहरुको जग्गामा कृषिबाली संकलन र ओसारपसार गर्न स्वतन्त्र रुपले पाइरहेका छन् । सोही जग्गामा कृषि बाललीका सट्टा वन बाली लगाई किसानको गर्जो टार्न अर्थात वन बाली सङ्कलन, ओसारपसार, चिरान र भोग गर्न रोकतोक र प्रशासनिक झमेला हुनु नै निजी वनको विकासको मुख्य समस्या रहेको छ । पुर्खाले हुर्काएका, वर्तमान पुस्ताले संरक्षण गरेका कैयौं प्रजातिका रुख र बिरुवा संरक्षण गर्ने निहुँमा आफ्नै अगाडि कुहिएर वा अन्य व्यक्तिले चोरेर लगेको वा आफ्नो लागपुर्जा भएका किसानहरुले टुलुटुलु हेरिरहनुपरेको छ । यस्तो अवस्थामा समृद्धिका लागि वन नारा केवल नारा मै सीमित हुने जोखिम रहन्छ । यसतर्फ जानकी गाउँपालिकाले संविधानको अधिकार प्रयोग गर्दै जानकीका किसानहरुको पक्षमा नीति बनाउन आवश्यक छ ।

प्राकृतिक रुपले कुनै बलियो श्रोत नरहेको जानकी गाउँपालिकाको दिगो प्राकृतिक श्रोत नै निजी वन हो । यसको विकास, संरक्षण र संवर्धनका लागि किसानमैत्री नीति, नियम बनाउनु आवश्यक मात्र नभई अपरिहार्य रहेको यस अध्ययनको निष्कर्ष रहेको छ।



# कार्यक्रमका झलकहरू




























कृषि वन समूह सशक्तीकरण तालिम
जानकी गाउँपालिका-५, बेलहरी


कृषि वन समूह सशक्तीकरण तालिम
जानकी गाउँपालिका-४, खुर्दखजुरा
२०७९ माघ ८ गते


जलवायु परिवर्तन अभिमुखीकरण
तथा
वन नीति कार्यक्रम
२०७९ चैत्र १८ गते



























**सुरक्षित भविष्यका लागि बोट विरुवा लगाऔं ।**

# पारिवारिक निजी वन सङ्घको अडान पत्र

१. पारिवारिक नीजि वन मार्फत वातावरण जैविक विविधता र जलवायु परिवर्तन न्यूनीकरणका लागि किसानहरुले आफ्नो स्वामित्वमा रहेको जमिनमा लाखौं लाख पारिवारिक निजी वनको बसौंदेखि व्यवस्थापन गर्दै आएका छन्। त्यसैले व्यक्तिको निजी जग्गामा संरक्षण गरेका वन स्रोतलाई अन्नबाली सरह बेच्न पाउने र त्यसको सहजरुपमा बजारसम्म पहुँच व्यवस्था गरियोस्।

२. पारिवारिक निजी बनलाई सम्पूर्ण नियमन गर्ने तहको अधिकार सहित स्थानीय सरकारको प्राथमिकता कार्यक्रममा समावेश गर्न माग गर्दछौं।

३. नेपालको वन क्षेत्र सम्बन्धी कुनै पनि ऐन, कानुन, नीति, नियम तथा निर्देशिका निर्माण र कार्यान्वयन गर्दा पारिवारिक निजी वन क्षेत्रको अर्थपूर्ण प्रतिनिधित्वको सुनिश्चितता गरियोस्।

४. आफ्नो आवादीमा हुर्काइएका जङ्गलबाट उत्पादित काठजन्य सामग्री तथा जडीबुटीजन्य उत्पादनको ओसारपसारमा रहेको झन्झटिला नीतिगत अवरोध अन्त्य गर्दै किसानको आर्थिक समृद्धिका लागि नीतिगत सहजीकरणको व्यवस्था मिलाइयोस्।

५. पारिवारिक निजी वन किसानहरुलाई सहयोग नगर्ने सरकारी नीति, केन्द्रीकृत सोच अन्त्य गर्दै पारिवारिक निजी वन संरक्षण संवर्द्धन र सदुपयोग गर्ने सरल नीति तत्काल निर्माण गरी लागु गरियोस्।

६. संविधानले व्यक्तिको सम्पत्तिको सुरक्षाको ग्यारेन्टी गरेको अवस्थामा सोही अनुसारको पारिवारिक निजी वन किसानहरुको स्वामित्वमा भएका जङ्गल तथा जडीबुटीहरुको पनि निर्वाध रुपमा भोगचलन गर्न पाउने अधिकारको ग्यारेन्टी गरियोस्।

७. व्यक्तिको स्वामित्वमा रहेका विभिन्न प्रजातीका (साल, उत्तिस लगायत) रुख माथिको प्रतिबन्ध तत्काल फुकुवा गरियोस्। अन्य वन क्षेत्रमा यिनै प्रजातिका रुख काट्ने पाउने तर व्यक्तिका निजी अधिकार भएको जग्गामा रहेका रुख काट्न नपाउनु स्वतन्त्रता र व्यक्तिगत सम्पत्तिको अधिकारको ठाडो उल्लङ्घन भएकोमा हाम्रो आपत्ति छ।

८. वन उद्यम स्थापनामा बाधकका रुपमा रहेको दुरीसम्बन्धी कानुनी प्रावधान तत्काल पुनर्विचार गरी उद्यम स्थापनाका लागि सरल र सहज वातावरण बनाई किसानहरुलाई आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने प्रकारका नीतिगत व्यवस्था गरी कार्यान्वयन गरियोस्।

९. नेपालको हरित अर्थतन्त्र निर्माण अभियानका लागि एक गाउँ एक वन उद्यम नीति तत्काल लागू गरी स्वरोजगार सिर्जना गरियोस् ।

१०. विकेन्द्रीकृत राज्य प्रणालीको अभ्यासमा पारिवारिक निजी वनसँग सम्बन्धित सबै नीति, निर्णय स्थानीय तहबाट हुने व्यवस्था गरियोस् । पारिवारिक वनसँग सम्बन्धित सबै निर्णयहरु राज्यको तल्लो तहबाटै गर्न सक्ने व्यवस्था गर्न जोडदार माग गर्दछौँ।

११. पारिवारिक निजी वन श्रोतहरुलाई धितोको रुपमा स्वीकार गर्दै सहुलियत ब्याजमा ऋण उपलब्ध हुने व्यवस्था थालनी गराइयोस्।

१२. सरकारले पारिवारिक निजी वनलाई प्रोत्साहित गर्दै आर्थिक विकासका लागि किसानलाई अनुदानको व्यवस्था मिलाइयोस्।

१३. जलवायु परिवर्तन तथा विभिन्न प्रकोपबाट क्षति व्यहोर्ने पारिवारिक निजी वन किसानहरुलाई सरकारको तर्फबाट क्षतिपूर्तिका साथै बिमा व्यवस्था गरियोस्।

१४. विदेशी काठ आयतमा कडाई गर्दै स्थानीय उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा पुऱ्याइने पहल गरियोस्।

१५. पारिवारिक निजी वन किसानहरुद्धारा सञ्चालन गरिएका वन श्रोतसँग सम्बन्धित उद्यममा सहुलियत करको व्यवस्था गरियोस्।

१६. देशैभरि छरिएर रहेका साना वन किसानहरुले ऐलानी र खोरिया जग्गामा लगाएका रुख बिरुवाको नीतिगत व्यवस्था गर्दै उनीहरुको स्वामित्वको हक सुनिश्चित गर्न सबै तहका सरकारलाई माग गर्दछौँ।

१७. पारिवारिक निजी वनबाट समाज र विश्वमा नै प्रदान गरेको वातावरणीय सेवाको (जैविक विविधता, पर्यटन, जलाधार संरक्षण र कार्बन व्यापारसमेत) भुक्तानीको हक कायम गरियोस्।

१८. दिगो विकास लक्ष्यमा योगदान पुऱ्याउनका लागि वन क्षेत्रमा संलग्न साना वन किसानहरुको क्षमता विकास, श्रोत माथिको पहुँच स्थापित गर्न योजना निर्माणमा अर्थपूर्ण सहभागिता अनिवार्य व्यवस्था गर्न जोडदार माग गर्दछौँ।

१९. पारिवारिक निजी वनको बिमाको व्यवस्थाको साथै बिउको लागि परीक्षण र सिफारिस गरिएका बिरुवा लगाउने व्यवस्थाको माग गर्दछौँ।

**सहयोग**

जानकी गाउँपालिकाको कार्यालय
मानपुर बाँके